लेकवेशी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कल्याण, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

## लेकवेशी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### मिति २०८३/०५/३१ गतेको ७५औं नगर कार्यपालिका बैंठकमा पेश भएका प्रस्तावहरूः

तपसिलः

| सि. नं. | विषय | निर्णय हुनुपर्ने व्यहोरा | प्रस्तावक | कै. |
|---|---|---|---|---|
| १. | समिक्षा सम्बन्धमा । | अघिल्लो बैठकबाट भएको निर्णय कार्यान्वयनको समिक्षा गर्ने । | प्र.प्र.अ. | |
| २. | स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना (LDCRP), २०७८ पहिलो संशोधन स्वीकृत गर्ने सम्बन्धमा। | लेकवेशी नगरपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना (LDCRP), २०७८ पहिलो संशोधन स्वीकृत गर्नुपर्ने । | वन, वातावरण तथा विपद् व्यवस्थापन उपशाखा | |
| ३. | बालविवाह अन्त्यका लागि स्थानीय पञ्चवर्षिय रणनीति योजना, २०८१-०८५ स्वीकृत सम्बन्धमा । | लेकवेशी नगरपालिकाको बालविवाह अन्त्यका लागि स्थानीय पञ्चवर्षिय रणनीति योजना, २०८१-०८५ स्वीकृत गर्नु पर्ने । | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | |
| ४. | निर्णय बदर सम्बन्धमा। | श्री लक्ष्मी मा.वि. लवना लेकवेशी न.पा.-७ मा कार्यरत प्रा.वि. तृतीय श्रेणीका स्थायी शिक्षक श्री रमेश खड्काको मिति २०८२/१२/०९ गते दरबन्दी कटौती सहित भएको सरूवाको निर्णय बदर गर्नुपर्ने । | शिक्षा, युवा, खेलकुद तथा सामाजिक विकास शाखा | |
| ५. | पारस्परिक सरूवा सम्बन्धमा । | ने.रा.प्रा.वि. कुइरेमा कार्यरत प्रा.वि. द्वितीय श्रेणीका शिक्षक श्री शेर बहादुर सारू र लक्ष्मी मा.वि. लवनामा कार्यरत प्रा.वि. तृतीय श्रेणीका शिक्षक श्री पूर्णकला टंलामीको पारस्परिक सरूवा गर्नुपर्ने । | शिक्षा, युवा, खेलकुद तथा सामाजिक विकास शाखा | |
| ६. | बहाल विटौरी कर सम्बन्धमा । | राजश्व परामर्श समितिबाट निर्णय भई पठाइएको लेकवेशी नगरपालिकाको आ.व. ०८३/०८४ को बहाल विटौरी करलाई अनुमोदन गर्नुपर्ने । | राजश्व प्रशासन उपशाखा | |
| ७. | खानेपानी तथा जलस्रोतसँग सम्बन्धित उपभोक्ता समिति दर्ता तथा नविकरण शुल्क सम्बन्धमा । | लेकवेशी नगरपालिकाको राजश्व परामर्श समितिबाट निर्णय भई पठाइएको खानेपानी तथा जलस्रोतसँग सम्बन्धित उपभोक्ता समिति दर्ता तथा नविकरण शुल्कलाई अनुमोदन गर्नुपर्ने । | राजश्व प्रशासन उपशाखा | |

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

लेकवेशी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कल्याण, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

| सि.नं. | विषय | निर्णय हुनुपर्ने व्यहोरा | प्रस्तावक | कै. |
|---|---|---|---|---|
| ८. | बहुक्षेत्रीय पोषणको एकीकृत कार्ययोजना स्वीकृत गर्ने सम्बन्धमा | पोषणमैत्री स्थानीय तह घोषणाको लागि बहुक्षेत्रीय पोषण कार्यक्रमको लागि पोषण निर्देशक समितिबाट सिफारिस गरिएको एकिकृत कार्ययोजना स्वीकृत गर्नुपर्ने । | कृषि विकास शाखा | |
| ९. | बहिरंग उपचारात्मक केन्द्र (OTC) स्थापना गर्ने सम्बन्धमा । | लेकवेशी नगरपालिका भित्र गम्भीर शीघ्र कुपोषण (Severe Acute Malnutrition-SAM) भएका तथा चिकित्सकीय जटिलता नभएका बालबालिकाको समयमै पहिचान, उपचार, पोषण व्यवस्थापन तथा नियमित फलोअप गरी बालबालिकाको कुपोषण न्यूनीकरण गर्नका लागि बहिरंग उपचारात्मक केन्द्र (Outpatient Therapeutic Care-OTC) स्थापना तथा सञ्चालन गर्नका लागि निर्णय गर्नुपर्ने । | स्वास्थ्य शाखा | |
| १०. | खा.स.स्व. सेवा अनुगमन तथा मर्मत सम्भार कार्यविधि, २०८३ स्वीकृत गर्ने सम्बन्धमा । | लेकवेशी नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा अनुगमन तथा मर्मत सम्भार कार्यविधि, २०८३ स्वीकृत गर्नुपर्ने । | पूर्वाधार विकास शाखा | |
| ११. | खा.स.स्व. इकाई गठन तथा सञ्चालन निर्देशिका, २०८३ स्वीकृत गर्ने सम्बन्धमा। | लेकवेशी नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता इकाई गठन तथा सञ्चालन निर्देशिका, २०८३ स्वीकृत गर्नुपर्ने । | पूर्वाधार विकास शाखा | |
| १२. | योजनाहरूको अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी तोक्ने सम्बन्धमा । | आ.व. २०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सञ्चालन हुने आयोजनाहरूको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्य गर्नका लागि समिति बनाइ जिम्मेवारी तोक्नु पर्ने । | योजना तथा अनुगमन उपशाखा | |
| १३. | गत आ.व. ०८२/०८३ को भुक्तानी बाँकी सम्बन्धमा । | गत आ.व. ०८२/०८३ मा भुक्तानी दिन बाँकी रहेको हरियाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत फलफूल र कफीको विरूवा खरिदको भुक्तानी दिन निर्णय गर्नुपर्ने । | वन, वातावरण तथा विपद् व्यवस्थापन शाखा | |
| १४. | तह कायम/मिलानको सम्बन्धमा | संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवार काठमाडौंको पत्रानुसार यस कार्यालयबाट गोकर्णेश्वर नगरपालिका, काठमाडौंमा कामकाजमा खटाईएका ईन्जिनियर (अधिकृत स्तर छैठौं) श्री खेमराज पोखरेलको तह कायम/मिलान गरि पत्र पठाउने । | प्र.प्र.अ. | |

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

लेकवेशी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कल्याण, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

| सि. नं. | विषय | निर्णय हुनुपर्ने व्यहोरा | प्रस्तावक | कै. |
|---|---|---|---|---|
| १५. | ब्याक हो लोडरको भाडादर पुनरावलोकन सम्बन्धमा । | पेट्रोलियम मूल्यवृद्धिका कारण यस नगरपालिकाको ब्याक हो लोडरको भाडादर पुनरावलोकन गरी नयाँ कायम गरी लागु गर्नका लागि निर्णय गर्नुपर्ने । | राजश्व प्रशासन उपशाखा | |

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

# मिति २०८३/०५/३१ गतेको नगर कार्यपालिका बैंठकबाट भएका निर्णयहरू:

**निर्णय नं. १**

नगर कार्यपालिकाको ७४औं बैठकबाट भएका निर्णयहरू माथि आजको बैठकमा ब्यापक छलफल तथा समिक्षा गरियो । साथै कार्यान्वयन हुन बाँकी निर्णयहरूलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न लेकवेशी नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २**

लेकवेशी नगरपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना (Local Disaster and Climate Resilience Plan–LDCRP), २०७८ कार्यान्वयनका क्रममा प्राप्त अनुभव, नगरपालिकाको विद्यमान जोखिम तथा विपद् अवस्थाको परिवर्तन, जलवायु परिवर्तनका प्रभाव, स्थानीय आवश्यकता, प्राथमिकता तथा उपलब्ध स्रोत–साधनलाई समेत मध्यनजर गरी योजनालाई समयानुकूल परिमार्जन तथा अद्यावधिक गर्न आवश्यक देखिएकोले उक्त योजनाको पहिलो संशोधन सम्बन्धमा पेश भएको संशोधित मस्यौदा तथा प्रतिवेदन माथि कार्यपालिकामा छलफल गरियो । छलफलका क्रममा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन, पूर्वतयारी, प्रतिकार्य, पुनर्लाभ तथा पुनर्निर्माण, जोखिमयुक्त बस्ती तथा क्षेत्रको पहिचान, स्थानीय स्रोत– साधनको परिचालन, सरोकारवाला निकायबीच समन्वय तथा समुदायको सहभागितालाई थप प्रभावकारी बनाउने उद्देश्यले संशोधित योजनामा समावेश गरिएका विषयहरू आवश्यक र सान्दर्भिक देखिएको हुँदा लेकवेशी नगरपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना (LDCRP), २०७८ को पहिलो संशोधन सर्वसम्मतिबाट स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

लेकवेशी नगरपालिकाभित्र बालविवाहको अवस्थालाई न्यूनीकरण गर्दै अन्ततः बालविवाहमुक्त नगरपालिका निर्माण गर्ने उद्देश्यले बालविवाहका कारण, जोखिमयुक्त क्षेत्र तथा समुदायको पहिचान, बालबालिकाको संरक्षण, शिक्षा तथा सचेतना अभिवृद्धि, अभिभावक तथा समुदायको क्षमता विकास, सरोकारवाला निकायबीच समन्वय तथा सहकार्य र बालमैत्री वातावरण निर्माणका लागि तयार गरिएको “बालविवाह अन्त्यका लागि स्थानीय पञ्चवर्षीय रणनीति योजना, २०८१-०८५” को मस्यौदामाथि कार्यपालिकामा विस्तृत छलफल गरियो । छलफलका क्रममा उक्त रणनीति योजनाले नगरपालिकाभित्र बालविवाह अन्त्यका लागि आवश्यक रोकथाम, सचेतना, संरक्षण, कानुनी कार्यान्वयन, सेवा प्रवाह, समन्वय, साझेदारी, अनुगमन तथा मूल्याङ्कन लगायतका विषयलाई समेटेको र बालबालिकाको अधिकार संरक्षण तथा सुरक्षित भविष्य निर्माणका लागि आवश्यक देखिएको हुँदा “लेकवेशी नगरपालिकाको बालविवाह अन्त्यका लागि स्थानीय पञ्चवर्षीय रणनीति योजना, २०८१-०८५” सर्वसम्मतिले स्वीकृत गर्ने निर्णय गरियो ।

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ४**

नगर कार्यपालिकाको मिति २०८२/१२/०९ गतेको बैठकको निर्णय अनुसार यस लेकवेशी नगरपालिका वडा नं. ७ मा श्री लक्ष्मी मा.वि. लवनामा प्राथमिक तह, तृतीय श्रेणीमा कार्यरत शिक्षक श्री रमेश खड्का (क.सं.नं. १४७५०१) लाई दरबन्दी सहित कटौती गरी सोही वडाको श्री पशुपति मा.वि. पुल्टारमा पदस्थापना गरिएकोमा प्रशासकीय अदालत सिंहदरबार, काठमाडौं को अन्तरकालिन आदेशलाई सम्मान गर्दै निजको दरबन्दी कटौति सहित गरिएको पदस्थापनाको निर्णयलाई बदर गर्ने सर्वसहमतिले निर्णय गरियो । साथै सोको जानकारी सम्बन्धित निकायमा पठाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने समेत निर्णय गरियो ।

**निर्णय नं. ५**

यस लेकवेशी नगरपालिका अन्तर्गत वडा नं. ७ मा रहेको श्री लक्ष्मी मा.वि. लवनामा कार्यरत प्राथमिक तह, तृतीय श्रेणीका शिक्षक श्री पूर्णकला टंलामी (क.सं.नं. १६७४६२) र वडा नं. ७ कै श्री ने.रा.प्रा.वि. कुइरेमा प्राथमिक तह, द्वितीय श्रेणीमा कार्यरत शिक्षक श्री शेर बहादुर सारू (क.सं.नं. १२०४०१) को पारस्परिक सरूवाका लागि नगर शिक्षा समितिको निर्णय तथा सिफारिस सहित आएकाले शिक्षा नियमावली, २०५९ को दशौं संशोधन को नियम ९९ को उपनियम (१८) बमोजिम सिफारिस भइ आए बमोजिम निजहरूको पारस्परिक सरूवा सर्वसम्मतिले स्वीकृत गर्ने निर्णय गरियो । साथै निजहरूलाई सरूवा भएको विद्यालयमा पदस्थापना गरी पठाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय समेत गरियो ।

**निर्णय नं. ६**

लेकवेशी नगरपालिकाको क्षेत्र भित्र सरकारी जग्गामा निर्माण भएका घर माथि वार्षिक रूपमा बहाल विटौरी कर लगाउनका लागि राजश्व परामर्श समितिको मिति २०८३/०५/३१ गतेको बैठकबाट निर्णय भइ अनुमोदनका लागि पेश भएको देहाय बमोजिमको बहाल विटौरी करलाइ सर्वसम्मतिले अनुमोदन गर्ने निर्णय गरियो।

तपसिलः

१. व्यवसायिक क्षेत्रको घरमा प्रति घर वार्षिक रू.१५००/- (अक्षेरूपी एक हजार पाँच सय रूपैयाँ मात्र)
२. अन्य क्षेत्रको घरमा प्रति घर वार्षिक रू.५००/- (अक्षेरूपी पाँच सय रूपैयाँ मात्र)
३. व्यवसायिक क्षेत्रको जग्गा प्रति कठ्ठा वार्षिक रू.५००/- (अक्षेरूपी पाँच सय रूपैयाँ मात्र)

**निर्णय नं. ७**

लेकवेशी नगरपालिकाको राजश्व परामर्श समितिको मिति २०८३/०५/३१ गतेको बैठकबाट निर्णय भइ अनुमोदनका लागि पेश भएको देहाय बमोजिमको खानेपानी तथा जलस्रोतसँग सम्बन्धित उपभोक्ता दर्ता र नवीकरण दस्तुरलाई सर्वसम्मतिले अनुमोदन गरी कार्यान्वयनका लागि नगर कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

तपसिलः

(क) जलस्रोतसँग सम्बन्धित उपभोक्ता समिति दर्ता दस्तुर रू. २०००/- (अक्षेरूपी दुई हजार रूपैयाँ मात्र)
(ख) जलस्रोतसँग सम्बन्धित उपभोक्ता समिति नवीकरण दस्तुर रू. १०००/- (अक्षेरूपी एक हजार रूपैयाँ मात्र)
(ग) वि.सं. २०७४ साल ~~[illegible]~~ बाहेक अन्य निकायमा दर्ता कायम भई हाल सम्म नवीकरण नभएका जलस्रोतसँग सम्बन्धित उपभोक्ता समिति नवीकरण दस्तुर रू. १०००/- (प्रति वर्षका दरले हालसम्मको)

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

लेकवेशी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कल्याण, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ८**

यस लेकवेशी नगरपालिकालाई पोषणमैत्री स्थानीय तहका रूपमा घोषणा गर्ने उद्देश्यले बहुक्षेत्रीय पोषण कार्यक्रमअन्तर्गत नगरपालिकाका स्वास्थ्य, शिक्षा, कृषि, पशु सेवा, खानेपानी तथा सरसफाइ, महिला तथा बालबालिका, सामाजिक विकास लगायतका विषयक्षेत्रसँग सम्बन्धित शाखा तथा निकायहरूको समन्वय र सहभागितामा तयार गरिएको एकीकृत पोषण कार्ययोजना उपर छलफल गरियो । नगरपालिकामा कुपोषण न्यूनीकरण, पोषणयुक्त खानाको पहुँच तथा उपभोगमा वृद्धि, मातृ तथा बाल पोषणमा सुधार, पोषणसम्बन्धी व्यवहार परिवर्तन, खाद्य तथा पोषण सुरक्षा प्रवर्द्धन, स्वच्छ खानेपानी तथा सरसफाइको पहुँच विस्तार र पोषणसम्बन्धी बहुक्षेत्रीय कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरी पोषणमैत्री स्थानीय तह घोषणाका लागि आवश्यक सूचकहरू पूरा गर्न पोषण निर्देशक समितिबाट सिफारिस गरिएको एकीकृत कार्ययोजना आवश्यक रहेको देखिएकाले उक्त कार्ययोजना स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

लेकवेशी नगरपालिका भित्र गम्भीर शीघ्र कुपोषण (Severe Acute Malnutrition-SAM) भएका तथा चिकित्सकीय जटिलता नभएका बालबालिकाको समयमै पहिचान, उपचार, पोषण व्यवस्थापन तथा नियमित फलोअप गरी बालबालिकाको कुपोषण न्यूनीकरण गर्ने उद्देश्यले पोषण कार्यक्रम अन्तर्गत बहिरंग उपचारात्मक केन्द्र (Outpatient Therapeutic Care-OTC) स्थापना तथा सञ्चालन गर्नुपर्ने सम्बन्धमा छलफल गरियो । नगरपालिकामा कुपोषित बालबालिकाको पहिचान तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन, आवश्यक पोषण सेवा स्थानीय स्तरमै उपलब्ध गराउन तथा सम्बन्धित स्वास्थ्य संस्था मार्फत नियमित उपचार र फलोअपको व्यवस्था गर्न OTC केन्द्र स्थापना तथा सञ्चालन गर्नु आवश्यक देखिएकाले प्रचलित स्वास्थ्य सम्बन्धी कानून, नेपाल सरकारका सम्बन्धित पोषण कार्यक्रमका मापदण्ड तथा निर्देशिका बमोजिम देहायका स्वास्थ्य संस्थाहरूमा बहिरंग उपचारात्मक केन्द्र (Outpatient Therapeutic Care-OTC) केन्द्र स्थापना तथा सञ्चालन गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

तपसिलः

(क) स्वास्थ्य चौकी लेखफर्सा, लेकवेशी नगरपालिका, वडा नं. १

(ख) स्वास्थ्य चौकी नेटा, लेकवेशी नगरपालिका, वडा नं. ५

(ग) स्वास्थ्य चौकी कल्याण, लेकवेशी नगरपालिका, वडा नं. ६

**निर्णय नं. १०**

यस नगरपालिका भित्र सञ्चालनमा रहेका खानेपानी, सरसफाइ तथा स्वच्छता (खा.स.स्व.) सेवासँग सम्बन्धित आयोजना तथा संरचनाहरूको नियमित अनुगमन, सञ्चालनको अवस्था मूल्याङ्कन, सेवा प्रवाहको गुणस्तर कायम, संरचनाको संरक्षण तथा आवश्यकताअनुसार मर्मत सम्भार कार्यलाई व्यवस्थित, प्रभावकारी, पारदर्शी तथा दिगो बनाउन "खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा अनुगमन तथा मर्मत सम्भार कार्यविधि, २०८३" तयार गरी पेश भएकोमा उक्त कार्यविधिको मस्यौदामाथि विस्तृत छलफल गरियो । छलफलका क्रममा कार्यविधिले खानेपानी तथा सरसफाइ सेवाको नियमित अनुगमन तथा निरीक्षण, सेवा सञ्चालनको अवस्था अभिलेखीकरण, समस्या पहिचान, प्राथमिकताका आधारमा मर्मत सम्भार, जिम्मेवारी निर्धारण, उपभोक्ता तथा सम्बन्धित संस्थाको सहभागिता, अनुगमन प्रतिवेदन तथा मर्मत सम्भारसम्बन्धी अभिलेख व्यवस्थापनलाई व्यवस्थित गर्ने देखिएकाले

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

कार्यविधि कार्यान्वयनका क्रममा देखिएका व्यावहारिक समस्या तथा आवश्यक सुधारका विषयमा सम्बन्धित शाखाले अध्ययन गरी आवश्यक संशोधन/परिमार्जनका लागि कार्यपालिकामा पेश गर्न सक्ने गरी उक्त कार्यविधि सर्वसम्मतिले स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

यस लेकवेशी नगरपालिका भित्र खानेपानी, सरसफाइ तथा स्वच्छता (खा.स.स्व.) सम्बन्धी सेवा तथा कार्यक्रमलाई समन्वित, प्रभावकारी, गुणस्तरीय, दिगो तथा सेवाग्राहीमैत्री रूपमा सञ्चालन गर्न, खानेपानी तथा सरसफाइ सेवाको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्न तथा सम्बन्धित शाखा, वडा कार्यालय, उपभोक्ता संस्था र सरोकारवाला निकायबीच आवश्यक समन्वय कायम गर्न "लेकवेशी नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता इकाई गठन तथा सञ्चालन निर्देशिका, २०८३" तयार गरी पेश भएकोमा सो सम्बन्धमा विस्तृत छलफल गरियो । छलफलका क्रममा उक्त निर्देशिकाले नगरपालिकामा खानेपानी, सरसफाइ तथा स्वच्छता इकाईको गठन, संरचना, काम, कर्तव्य र अधिकार, जिम्मेवारी, बैठक तथा समन्वय, योजना तथा कार्यक्रम सञ्चालन, अनुगमन तथा प्रतिवेदन, अभिलेख व्यवस्थापन तथा अन्य व्यवस्थाहरूलाई स्पष्ट र व्यवस्थित गर्ने देखिएकाले निर्देशिका कार्यान्वयनका क्रममा कुनै व्यावहारिक कठिनाइ वा अस्पष्टता देखिएमा सम्बन्धित शाखाले आवश्यक अध्ययन गरी कार्यपालिकामा संशोधन वा परिमार्जनका लागि प्रस्ताव पेश गर्न सक्ने गरी उक्त निर्देशिका सर्वसम्मतिले स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

यस लेकवेशी नगरपालिकाको आ.व. २०८३/०८४ को वार्षिक स्वीकृत नीति, कार्यक्रम तथा बजेटअनुसार सञ्चालन तथा कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमहरू निर्धारित लागत, समय, परिमाण, गुणस्तर तथा स्वीकृत मापदण्डअनुसार भए/नभएको अनुगमन तथा मूल्याङ्कन गर्नुपर्ने भएकाले उक्त कार्यलाई व्यवस्थित, प्रभावकारी, निष्पक्ष तथा परिणाममुखी बनाउन अनुगमन तथा मूल्याङ्कन समिति गठन गरी जिम्मेवारी तोक्ने सम्बन्धमा छलफल गरियो । नगरपालिकाबाट सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरूको नियमित स्थलगत अनुगमन गरी कार्यान्वयनको अवस्था, गुणस्तर, प्रगति, बजेट खर्च, लाभग्राहीको सहभागिता तथा आयोजनाबाट प्राप्त उपलब्धिको मूल्याङ्कन गर्न देहाय बमोजिमको आयोजना अनुगमन तथा मूल्याङ्कन समिति गठन गरी जिम्मेवारी प्रदान गर्ने सर्वसम्मतिले निर्णय गरियो।

<u>तपसिल:</u>

| | |
|---|---|
| १. श्री विमला खड्लुक, नगर उप-प्रमुख | - संयोजक |
| २. श्री लिलमति वि.क., कार्यपालिका सदस्य | - सदस्य |
| ३. श्री याम बहादुर मल्ल, कार्यपालिका सदस्य | - सदस्य |
| ४. श्री प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| ५. श्री पूर्वाधार विकास शाखा प्रमुख | - सदस्य |
| ६. श्री सम्बन्धित वडा हेर्ने सब-इन्जिनियर/ अ.सब-इन्जिनियर | - सदस्य |
| ६. श्री योजना तथा अनूगमन उपशाखा प्रमुख | - सदस्य सचिव |

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १३

गत आ.व. ०८२/०८३ मा हरियाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत यस लेकवेशी नगरपालिकाको वडा नं. ९ र ४ मा वितरण गर्नका लागि रू. २,००,०००/- (अक्षेरूपी दुई लाख रूपैयाँ) को फलफूल र कफीको विरूवा खरिद गरिएकोमा उक्त आ.व. मा सोको भुक्तानी दिन छुट भएकोले चालु आ.व. ०८३/०८४ मा उक्त छुट भएको रकम क्र.सं. १४५, बजेट शिर्षक नं. ८०६६८४०४११४, लेकवेशी नगरपालिका, वन, वातावरण तथा विपद् व्यवस्थापन शाखाको विपद् प्रतिकार्य सामाग्री खरिद योजना/ कार्यक्रम शिर्षकबाट भुक्तानी दिने र आउँदो हिउँदे नगर सभाबाट अनुमोदन गराउने सर्वसम्मतिले निर्णय गरियो ।

निर्णय नं. १४

संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंको पत्र संख्या २०७८।०७९, चलानी नं. २२६८, मिति २०७८।१२।१४ गते पत्रानुसार यस कार्यालयको पत्र संख्या ०७८।०७९ चलानी ३५ मिति २०७९।०४।०६ गतेको रमाना-पत्र बाट गोकर्णेश्वर नगरपालिका, काठमाडौं कामकाजमा खटाईएका ईन्जिनियर (अधिकृत स्तर छैठौं) श्री खेमराज पोखरेलले गोकर्णेश्वर नगरपालिका, काठमाडौंको पत्र संख्या ०८३।०८४, चलानी नं. २४७, मिति २०८३।०५।०३ गतेको पत्र सहित तह मिलान लागि निवेदन पेश गर्नु भएकोले कर्णाली प्रदेश सरकारद्धारा जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ बमोजिम देहाय बमोजिम जेष्ठता कायम/लागु हुने गरी तह कायम तथा मिलान गरी निज कामकाजमा खटिएको कार्यालयमा सिफारिस गर्ने निर्णय गरियो ।

| क्र. सं. | संकेत नं. | कर्मचारीको नामथर | सेवा/समूह | साविकको पद/तह | हाल कायम गरिएको पद/तह | ज्येष्ठता लागु हुने मिति |
|---|---|---|---|---|---|---|
| १ | २३८२१८ | खेमराज पोखरेल | ईन्जिनियरिङ्/ सिभिल | ईन्जिनियर (अधिकृत स्तर छैठौं) | ईन्जिनियर (सातौं) | २०७७/११/०६ |

निर्णय नं. १५

यस नगरपालिकाको स्वामित्वमा रहेको ब्याक हो लोडर सञ्चालन गर्दा प्रयोग हुने डिजेल लगायत पेट्रोलियम पदार्थको मूल्यमा भएको वृद्धि, सञ्चालन तथा मर्मत सम्भार खर्चमा आएको परिवर्तन तथा हाल कायम रहेको भाडादरबाट उपकरण सञ्चालनको वास्तविक खर्च व्यवस्थापन गर्न कठिनाइ भइरहेको विषयमा छलफल गरियो । नगरपालिकाको ब्याक हो लोडरलाई प्रभावकारी, पारदर्शी तथा दिगो रूपमा सञ्चालन गर्न तथा पेट्रोलियम पदार्थको मूल्यवृद्धि र सञ्चालन खर्चलाई समेत आधार मानी हाल कायम भाडादर पुनरावलोकन गरी नयाँ भाडादर कायम गर्नुपर्ने देखिएकाले पेट्रोलियम पदार्थको मूल्यवृद्धि तथा ब्याकहो लोडर सञ्चालनमा लाग्ने इन्धन, चालक, मर्मत सम्भार तथा अन्य सञ्चालन खर्चलाई आधार मानी नगरपालिकाको स्वामित्वमा रहेको ब्याक हो लोडरको हाल कायम भाडादर पुनरावलोकन गरी नयाँ भाडादर कायम गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

देहायः

| क्र.सं. | विवरण | एकाइ | नयाँ भाडादर |
|---|---|---|---|
| १ | इन्धन सहित | प्रतिघण्टा | रु. ३१००/- |
| २ | इन्धन बाहेक | प्रतिघण्टा | रु. १२००/- |

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत